२५०

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. २३३/२०७०/०७१

धनकुटा जिल्ला, कुरुले तेनुपा ५ हाल धनकुटा न.पा.५ तल्लो कोप्चे वस्ने नोदनाथ त्रिताल .....१ उजुरीकर्ता

विरूद्ध

गा.वि.स सचिव, धनकुटा जिल्ला, वसन्तटार गा.वि.स ..............................................१ विपक्षी

विषय :- माग अनुसारको सूचना उपलब्ध गराउनू ।

धनकुटा जिल्ला, कुरुले तेनुपा ५ हाल धनकुटा न.पा.५ तल्लो कोप्चे वस्ने नोदनाथ त्रितालले धनकुटा जिल्लाको वसन्तटार गा.वि.स समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७०।१२।०९ मा फ्याक्स मार्फत निवेदन/उजुरी गरेकोमा यस आयोगबाट मिति २०७०।१२।२७ गते माग बमोजिम सूचना दिनू भन्ने आदेश जारी भएको । सो निकायबाट केही सूचना उपलब्ध गराएको र केही सूचना नभेटिएको भनी उपलब्ध नगराएको तथा सूचना प्रेषित गर्दा लागेको हुलाक खर्च समेत माग भएको भनी पुनः उजुरी गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर उजुरीकर्ताले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन साथै सोही दफामा सूचना प्रवाह नगर्नुपर्ने उचित र पर्याप्त कारण भएकोमा बाहेक त्यस्तो सूचना प्रवाह गर्ने दायित्वबाट सार्वजनिक निकाय पन्छिन पाउने छैन भन्ने व्यवस्था भएको ।

कुनै पनि सार्वजनिक निकायले नागरिकलाई उपलब्ध गराउनुपर्ने सूचना फेला नपरेको नभेटिएको भनी सूचना उपलब्ध नगराउने कुरामा आयोग सहमत हुन सकेन । साथै सूचनाको हकसम्बन्धी ऐन, २०६४ को नियमाबली, २०६५ को नियम ४(१)(क) मा सामान्य आकारको (आठ दशमलव तीन इन्च चौडाइ र एघार दशमलव सात इन्च लम्वाइसम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रतिपृष्ठ पाँच रुपैयाँ तोकेको र ऐ नियम २ मा उपनियम (१) मा जुनसुकै कुरा लेखेको भएतापनि सामान्य आयकारको (आठ दशमलव तीन इन्च चौडाइ र एघार दशमलव सात इन्च लम्बाइ सम्म साइज भएको कागजमा तयार गरिएको वा रहेको दश पृष्ठ सम्मको सूचना सार्वजनिक निकायले निशुल्क उपलब्ध गराउनुपर्ने व्यवस्था भएको र सूचना प्रेषित गर्दा लाग्ने हुलाक दस्तुर सम्बन्धी कुनै व्यवस्था नभएको ।

राष्ट्रिय सूचना आयोग

२०६५

अतः उजुरीकर्ताले माग गरेको बसन्तटार गाँउ विकास समितिको कार्यालय धनकुटाको आ.व. २०६६/०६७ को श्रेस्ताको प्रमाणित प्रतिलिपि उजुरीकर्तालाई ७ (सात) दिन भित्र उपलब्ध गराई सोको जानकारी यस आयोगलाई दिनू भनी धनकुटा जिल्ला **बसन्तटार गा.वि.स.**का सचिवको नाममा पुनः यो आदेश जारी गरिएको छ । उजुरीकर्ताको उजुरीको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी उजुरीकर्तालाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।